# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १६ जून २०२४

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. पश्चिम बंगालका कलेजहरूमा स्नातक पाठ्यक्रमहरूमा भर्नाको लागि केन्द्रीकृत प्रवेश पोर्टल सुरु गरिएको छ।
२. दार्जीलिङ्गलाई माया गर्ने सचेत समुहले यस वर्ष पनि दार्जीलिङ्गको माल रोड अनि चौरस्ता वरिपरि हजारौं एजेलिया फूलको बिरुवा लगाउने भएको छ।
३. डुवर्सको मादरीहाटस्थित जलदापाडा नेशनल पार्कमा अवस्थित प्रसिद्ध होलोङ फरेस्ट टूरिस्ट लज गए राती अचानक जलेर स्वाहा भएको छ।
४. मिरिक नगरपालिका अधिनस्थ अवैध निर्माणमाथि आजदेखि चल्यो बुलडोजर, जमिन कब्जा गर्ने कसैलाई नछोर्ने नगरपालिका अध्यक्ष एल बी राईको चेतावनी।
५. सिलगढ़ी नगरनिगमका मेयर गौतम देवले कञ्चनजंगा एक्सप्रेस ट्रेन दुर्घटनामा परी ज्यान गुमाएका ट्रेनका गार्ड स्व. आशिष दे-को घर पुगी दे-का परिवारसित भेट गर्नुभयो।

**केन्द्रीकृत प्रवेश पोर्टल**

पश्चिम बंगालका कलेजहरूमा स्नातक पाठ्यक्रमहरूमा भर्नाको लागि केन्द्रीकृत प्रवेश पोर्टल सुरु गरिएको छ। राज्यका शिक्षामन्त्री ब्रात्य बसुले बुधबार उक्त पोर्टलको उद्घाटन गर्नु भएको हो। सो अवसरमा शिक्षामन्त्रीले यस पोर्टलबाट भर्नामा पारदर्शिता आउने बताउनु भएको छ। यस एप अन्तर्गत कुनै पनि विद्यार्थीले देशको जुनसुकै ठाउँमा बसेर आफ्नो मनपर्ने कलेजमा भर्नाको लागि आवेदन दिन सक्छन्। स्रोतका अनुसार पोर्टल मात्र सुरु गरिएको छ। अनलाइन आवेदन प्रक्रिया सुरु हुनको लागि केही दिन कुर्नुपर्नेछ। अनलाइन आवेदन प्रक्रिया जुन २४ बाट सुरु हुनेछ अनि ६ जुलाईसम्म जारी रहनेछ।

****** ० ******

**निर्मला-बजट पूर्व**

वित्त एवं कर्पोरेट मामिला मन्त्री निर्मला सीतारमणले आम बजेटअघि आज नयाँ दिल्लीमा प्रमुख अर्थशास्त्रीहरूसँग पूर्व-बजेट परामर्शको पहिलो चरणको अध्यक्षता गर्नुभयो। बैठकमा केन्द्रीय वित्त राज्यमन्त्री पंकज चौधरी, वित्त सचिव, आर्थिक मामिला, राजस्व, वित्तीय सेवा र कर्पोरेट मामिला विभागका सचिवहरू र मुख्य आर्थिक सल्लाहकारको पनि उपस्थिति रहेको थियो।

****** ० ******

**चौरस्ता एजेलिया**

दार्जीलिङ्गलाई माया गर्ने सचेत व्यक्तिहरूको समुहले यस वर्ष पनि दार्जीलिङको माल रोड अनि चौरस्ता वरिपरि एजेलिया फूलको बिरुवा लगाउने भएको छ। दार्जीलिङ नगरपालिका लगायत सचेत युवा समुहको विशेष पहलमा आगामी ३० जुन आईतवारको दिन चौरस्ता माल रोड परिसरमा Azelia2 Affair नाम दिंदै यो विरुवा रोप्ने कार्य हुने भएको छ। जसमा सहभागी हुन संघ संस्था लगायत जनमानसलाई आज उक्त टोलीले अपिल गरेका छन्। गत वर्ष पनि यसै प्रकारको कार्यक्रम सञ्चालन गर्दै धेरै एजेलीयाको बिरुवाहरू रोपिएको थियो जस मध्ये धेरै संख्यामा नै मौलिएको देख्न सकिन्छ। यस वर्ष अझ हजारको संख्यामा एजीलिया रोप्ने पनि उनीहरूले जानकारी गराएका छन्।

****** ० ******

**दार्जीलिङ हिमालयन रेलवे**

दार्जीलिङ हिमालयन रेलवे इम्प्लोएयर अर्गनाइजेशनले आज पहिलो दुई रेल यात्रा सामूहिक रूपमा रद्द गरेको छ, जुन बिहान ६:२५ बजि-स्टीम र ६:३५ बजे डिजेलमा चल्ने रहेको थियो। यस रेल रद्द गर्नुको कारण हिजो राति काकझोरामा लोकोमोटिभ चालकमाथि कुटपिट गरिएको थियो। दुई रद्द गरिएका टिकटहरूको लागि गरिएको बुकिङ स्वचालित फिर्ता प्राप्त हुने रेल अधिकारीहरूले जानकारी गराएका छन्।

****** ० ******

**सिक्किम पैह्रो**

अविरल वर्षाका कारण सिक्किमका विभिन्न ठाउँमा पैह्रो जाने क्रम जारी छ। यसै क्रममा पश्चिम सिक्किमको मानेबुङ-देन्ताम समष्टि अन्तर्गत सर्दुङ लुङजिक ग्राम पन्चायतको लोवर लुङजिक निवासी बुद्धसिंह लिम्बूको घर पैह्रोले

पूर्णतया क्षतिग्रस्त पारेको छ।यसैगरी, गेजिङ जिल्लाका मानेबुङ देन्ताम समष्टि अन्तर्गत पर्ने विभिन्न गाउँहरूमा पनि गए रातिदेखि परेको भीषण पानीले धेरै क्षति पुराएको खबर छ। देन्तामको कर्मटार निवासी मन बहादुर सुब्बाको घरलाई पैह्रोले क्षति पुऱ्याएको छ भने मिलिङ निवासी भीमबहादुर छेत्रीको पनि पैह्रोले घर क्षति हुनुका साथै तिनलाई सामान्य चोट लागेको बताइएको छ। अर्कोतिर, मुसलधारे पानीले उत्तरेदेखि सोपाखा जाने सडक मार्ग पूर्णरूपले ध्वस्त पारेपछि अहिले उक्त दुर्गम स्थानमा आवतजावत बन्द भएको छ। यसरी नै, अप्पर बुलुङमा पनि पैह्रोले धेरै परिवार प्रभावित बनेको खबर छ। पैह्रो जोखिमयुक्त स्थानका परिवारहरूलाई सम्बन्धित विभागले सुरक्षित स्थानमा राखेको बताइएको छ। हिजदेखि लगतार परेको बर्खेझरीले विशेष पश्चिम सिक्किमको देन्ताम क्षेत्रलाई अत्यधिक प्रभावित बनाएको छ।

****** ० ******

**नेशनल इन्स्टियूट अफ् Mountaineering and Adventure Sports**

नेशनल इन्स्टिच्युट अफ् Mountaineering and Adventure Sports (निमास)-ले सगरमाथाको सफल आरोहण गरी संस्थान र राष्ट्रका लागि ठूलो गौरव ल्याएका आफ्ना पाँच प्रतिष्ठित पूर्व विद्यार्थीलाई आज सम्मान गरेको छ। हालैका सगरमाथा आरोही काबाक यानो, तागित सोराङ अब्राहम, टासी याङजोम, टोङचेन निम्तसोंगा र दोर्जी खान्डुलाई सम्मान गरिएको थियो। अभिनन्दन समारोहको नेतृत्व स्वयम् प्रख्यात पर्वतारोही तथा हाल निमासका निर्देशक कर्णेल रणवीर सिंह जामवालले गरेका थिए। आधारभूत पर्वतारोहण कोर्स सेर नं.-४८ का १२० विद्यार्थीलाई सम्बोधन गर्दै कर्णेल जामवालले सगरमाथा आरोहीहरूको उल्लेखनीय उपलब्धि र समर्पणको प्रशंसा गर्नुभयो।

****** ० ******

**<u>होलोङ-आगालागी</u>**

डुवर्सको मादरीहाटस्थित जलदापाडा नेशनल पार्कमा अवस्थित प्रसिद्ध होलोङ फरेस्ट टूरिस्ट लज गए राती अचानक जलेर स्वाहा भएको छ। घटनापछि उत्तर बङ्गालका प्रमुख वनपाल भास्कर जेभी आज घटनास्थल पुगेका थिए। यस अवसरमा जलदापाड़ा वन्यजन्तु डिभिजनका डी.एफ.ओ परवीन कासवान पनि उनीसँगै थिए। उल्लेखनीय छ, मंगलाबार राती लगभग ९-१० बजीको अन्तरालमा अचानक ऐतिहासिक होलोङ फरेस्ट टूरिस्ट लजमा दनदनी आगो लागेको स्थानीय बासिन्दाहरूले देखेपछि चारैतिर यसको खबर फैलिन पुगेको थियो भने हाँसीमारा, अलिपुरद्वार र जयगाउँबाट पुगेका दमकलले अन्ततः आगो नियन्त्रणमा लिन सके तापनि लजको कुनै पनि अंश सुरक्षित निकाल्न नसकिएको बताइएको छ। यद्यपि आगलागीमा कसैको ज्यान भने नगएको बन विभागले जनाएका छन्। घटनापछि पर्यटन व्यवसायसँग सम्बन्धित धेरैले चिन्ता व्यक्त गरेका छन्। राष्ट्रिय निकुञ्ज बन्द भएकाले लजमा कोही पर्यटक थिएनन्। आगलागी कसरी भयो भन्ने विषयमा छानबिन गर्ने माग गरिएको छ।

****** ० ******

**<u>टिस्टा ब्यारेज</u>**

हिजो राती गजलदोबास्थित टिस्टा ब्यारेजको पानीमा हात्तीको बच्चा फसेको अनि वन विभाग अधिकारी अनि स्थानीय क्षेत्रवासीको लामो प्रयासपछि अन्ततः ब्यारेजको गेट खोलेर हात्तीको बच्चालाई उद्धार गर्न सफल भएको छ। हात्तीको बच्चाको स्वास्थ्य जाँच गरेर जंगलमा छोड़िएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**<u>किंग कोब्रा</u>**

मिरिक महकुमा अन्तर्गत माथिल्लो सौरेनी बस्ती पानीगोलाईमा विशाल किंग कोब्रा भटिएको छ। वन विभागले यसलाई उद्धार गर्न अघि नै उक्त कोबरा भाग्न सफल भएको जानकारी प्राप्त भएको छ। पहाडी क्षेत्रमा पनि किंग कोब्रा देखा पर्न थालेकोले क्षेत्रवासीमा चिन्ता अनि आतंकको माहौल छाएको छ।

****** ० ******

**<u>मिरिक नगरपालिका</u>**

आजदेखि अवैध निर्माणमाथि मिरिक नगरपालिकाको बुलडोजर चल्न शुरू भएको छ। नगरपालिका अध्यक्ष एलबी राईको उपस्थिति अनि जेसीबीको साथमा मिरिक नगरपालिका क्षेत्रका सरकारी जमीन मिचेर अवैध निर्माण गरिएको घरहरू भत्काँउने कार्य गरियो। बुधबार पहिलो चरणमा मिरिक नगरपालिका क्षेत्रको अवैध निर्माणहरूलाई भत्काँउने कार्य भयो भने धारावाहिकरूपमा यो कार्य चल्ने मिरिक नगरपालिका अध्यक्ष एलबी राईले बताउनु भएको छ। उहाँले मिरिक नगरपालिकाले अवैध निर्माण हटाँउनका लागि सात दिन अघि अवैध निर्माण हटाँउने सूचना जारी गरेपछि सूचना पाएर पनि अवैध निर्माण नहटाँइएका ठाँउहरूमा बुलडोजर चलाइएको जानकारी दिनु भएको छ। उहाँले सरकारी जमीन मिच्नेहरू बिरूद्ध मिरिक

नगरपालिकाले कानुनीरूपमा कार्यवाही गर्ने अनि जसले सरकारी जमीन मिचेको छ उनीहरू बिरूद्ध कार्यवनही गरिनेछ भन्दै राईले जीटीए अनि भूमि अनि भूमि सुधार विभागसित सभा बसेर शुचि तयार पारिने पनि बताउनु भयो।

****** ० ******

**राजेश चौहान**

जीटीए सभाका डेपुटी चेयरमेन एवं दार्जीलिङ जिल्ला अस्पतालका प्रभारी सभासद राजेश चौहानले दार्जीलिङ जिल्ला अस्पतालमा कार्यरत सुरक्षाकर्मीहरुलाई आज ज्याकेट वितरण गर्नुभयो। अस्पतालमा कार्यरत रहेका सुरक्षाकर्मीहरूको परिचय धेरैलाई थाह नभएकोले अस्पतालमा कुनै समस्या परेको खण्डमा अस्पतालका सुरक्षाकर्मीको परिचय पाउन सकिँदैनथ्यो। यसैले उनीहरूको स्पष्ट परिचय होस् भन्ने मूल उद्देश्य राखेर नै जीटीए सभाका डेपुटी चेयरमेनको पहलमा अस्पतालका सुरक्षा कर्मीहरुलाई ज्याकेट वितरण गरिएको चौहानले बताउनु भएको छ। यसै बीच चौहानले अस्पताललाई सुव्यवस्थित बनाउन चलिरहेको कार्यको अवलोकन गर्दै अस्पतालमा उपचाराधीन रहेका रोगीका आफन्तहरुसित पनि भेट गरेर अस्पतालमा रहेका कमी कमजोरीहरूको पनि जानकारी लिनुभयो। यसका साथै उहाँले अस्पतालमा फोहोर व्यवस्थापनलाई सुव्यवस्थित गर्ने पहल भइरहेको पनि बताउनुभयो।

****** ० ******

**मिरिक पहिरो**

मिरिकमा लगातार भइरहेको भारी बर्षाले मिरिक बजार बौदी गोलाई छेउमा पैह्रो झरेपछि धेरै घरहरू पैह्रोका कारण जोखिममा परेका छन् भने मिरिक बस्ती अनि मरमा चियाकमानको जीवन रेखा मानिने सडक धस्किएपछि यातायातमा अवरोध सृजना हुने सम्भावना बडेको छ। मंगलबार रातभरि परेको पानीले मिरिक बजार बौदी गोलाई नगीच पैह्रो झरेको जसको दुरी लगभग अस्सी मिटर रहेको स्थानीयहरू सौराज गोले, रमेस गजमेर अनि नित्य नागले जानकारी गराउनु भएको छ।

****** ० ******

**गौतम देव**

सिलगढ़ी नगरनिगमका मेयर गौतम देवले कञ्चनजंगा एक्सप्रेस ट्रेन दुर्घटनामा परी ज्यान गुमाएका ट्रेनका गार्ड स्व. आशिष दे-को घर पुगी दे-का परिवारसित भेट गर्नुभयो। १७ जूनका दिन ट्रेन दुर्घटनामा परी सिलगढ़ीको ३२ नम्बर वार्डस्थित सुकान्तपल्ली निवासी आशिष दे-ले आफ्नो ज्यान गुमाएका थिए। दे-को परिवारमा तिनकी पत्नी अनि एउटी छोरी छन्। शोकित परिवारसित भेट गरेपछि मेयर देवले भन्नुभयो दुखद घटनामा गार्ड आशीष दे मृत्यु भयो। तिनकी पत्नी र छोरी बेसहारा भएका छन्, तर हामी दे-का परिवारको साथमा खडा छौँ भन्नुभयो।

****** ० ******

************